**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड: ४** **संख्या: २३** **मिति: २०७७/११/१६**

**भाग-२**

**धनगढी उप महानगरपालिका**

# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०७७

**कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।११।१६**

**राजपत्रमा प्रकाशन मिति: २०७७।११।१७**

## १.पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको धारा १६ ले सबै व्यक्तिहरुको सम्मान पूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१

(ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नु पर्ने दायित्वको ब्यबस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले नगरपालिकाले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरमा विकासकालागि आवधिक, बार्षिक, रणनीतिगतरुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यबस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ ।

यस सन्दर्भमा धनगढी उप-महानगरपालिकाले लैङ्गिकमैत्री समावेशी नगरपालिका बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरुलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रकियामा सहभागीताको भुमिकासहित लैङ्गिक समानता र सामाजीक समावेशीकरण मार्फत सवैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र नगरपालिकावाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न आवश्यक देखीएकोले **"धनगढी उप-महानगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७ "** तर्जुमा गरिएको छ ।

## २. विगतका ब्यबस्था, प्रयास र वर्तमान स्थिती

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्नकालागी तत्कालीन स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजीक समावेशीकरण नीति २०६६ तर्जुमा गरेको थियो । वदलीदो राजनितिक परिस्थिति र संवैधानिक ब्यबस्था अनूरुप संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सामाजिक समावेशीकरण नीति २०७६ तर्जुमा गरेको छ । धनगढी उप-महानगरपालिको वार्षिक नीति तथा कार्यक्रमहरुले लैङ्गिक समानता तथा सामाजीक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास, नगरपालिकाले ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धी संवेदनशिल भएर बनाउने प्रयास, वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागीता लाई जोड दिदै योजना तथा कार्यक्रमहरु तर्जुमा, नगरपालिकाले हिंसा पीडित महिलालाई सहयोग पुरयाउन लैङ्गिक हिंसा निवारण कोष कार्यविधि निर्माण तथा कार्यान्वयन, महिलाकालागी छुटै स्तनपान कक्षको व्यबस्था, कोभिड-१९ को रोकथाम र ब्यबस्थापनकालागी क्वारेन्टाईन र आईसोलेसन बनाउदा महिलाहरुको सुरक्षालाई ध्यानमा राखी छुट्टै आईसोलेसन तथा क्वारेन्टाईन केन्द्रको ब्यबस्था, नगरपालीका भित्र अपाङ्गता हेल्प डेस्क स्थापना र संरचना निर्माण गर्दा अपांगतामैत्री बनाउन तर्फ प्रयास गरिएको छ ।

## ३. लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति र अवसरहरु

समावेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र नगरपालिका अर्न्तगतका समिति र संरचना निर्माणमा लक्षित वर्गको समतामुलक पहुच स्थापित गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण आवश्यक छ । यद्यपी यस नगरपालीकाको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको समस्या, चुनौति र अवसरहरु मुलतः देहाय अनुसार रहेका छन ।

### ३.१ समस्याहरु

१. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाईमा एकरुपता नहुनु,
२. नगरपालीकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण नहुनु,
३. नियमितरुपमा लैङ्गिक उत्तरदायी वजेट परिक्षण नहुनु,
४. लैससासको लागी आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु,
५. लक्षित वर्गको अवसर र लाभ वितरणमा न्यायोचित पहुँच सुनिश्चत हुन नसक्नु,
६. बंचितिकरणमा परेका वर्ग र समुहलाई आर्थिक तथा सामाजिकरुपमा शसक्तिकरण गर्न नसक्नु,
६. नगरपालीकावाट गठन हुने समिति र संरचनामा लैससासको भावना समेटन नसक्नु,
७. नगरपालीको अनुगमन तथा मुल्यांकन र प्रतिवेदन प्रणालीले लैससास अवधारणालाई अवलम्बन गर्न नसक्नु,
८. विभिन्न लक्षित वर्ग, क्षेत्र, र समुदाय विच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु,
९. विभिन्न लिङ्ग, वर्ग क्षेत्र समुदाय र जातजाती विच हुने व्यबहारगत विभेद हट्न नसक्नु,

### ३.२. चुनौतीहरु

१. नगरपालीका अन्तर्गत समिति तथा संरचनाहरुलाई लैससास मैत्री कायम गर्न नसक्नु,
२. समाजमा विद्यमान रहेका हानीकारक सामाजिक मुल्यमान्यताहरु कायम रहनु,
३. लक्षित वर्गको आयस्तरमा ज्यादै ठुलो असमानता,
४. लाभ वाडफाँडमा वास्तविक लक्षित वर्गको पहिचान र पहुचमा सुनिश्चिता नहुनु,
५. विद्यमान कानुनी व्यबस्थाका वारेमा लक्षित वर्ग लाई अद्यावधिक गराउन,
६. लक्षित वर्गको प्राथमिकता योजना तर्जुमा भन्दा आयआर्जन हुनु,

### ३.३ अवसरहरु

समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने संविधान र संविधानमा भएका व्यबस्थाहरु, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले अन्तराष्ट्रियरुपमा जनाएका प्रतिवद्धता, स्थानीय सरकारले नै नीति तथा कानुन निर्माण तथा निति निर्माण गर्ने अधिकारले नगरपालीकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री नगर बनाउने अवसर प्रदान गरेको छ। संघीय तथा प्रदेश सरकारको लैससास मैत्री वजेट तथा कार्यक्रम अनुरुप नगरपालीकालाई नीति तथा कानुन बनाउन अवसरहरु प्रदान गरेको छ।

## ४. लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व

उप-महानगरपालीकामा लैससास सम्बन्धमा देखीएका समस्या र चुनौतीको समाधान गर्न देहायका कारणले लैससास नीति आवश्यक रहेको छ।

१. उप-महानगरपालिमा लैससास सम्बन्धी शासन व्यबस्थाको प्रवर्द्धन गर्न।
२. उप-महानगरपालिमा योजना तर्जुमा प्रकिलाई लैससासमैत्री बनाउन।
३. नगरको नीति तथा कार्यकम र वजेटलाई लैङ्गिक उत्तरदायी बनाउन।
३. उप-महानगरपालिको नीति कानुन र संरचनामा लैससासलाई मुलप्रवाहीकरण गर्न।
४. नगरपालिका अर्न्तगत सन्चालन हुने नीति, योजना तथा कार्याक्रमलाई मार्गदर्शन गर्न।
५. सरोकारवालाहरु विच बुझाईमा एकरुपता कायम गर्न र लैससास समन्धी समन्धी कानुनी व्यबस्थाको कार्यान्वयनमा सहयोग पुरयाउन।

६. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता,संघिय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायीत्व पुरा गर्न ।
७. लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै न्यायोचित वितरणको ब्यबस्था गर्न ।
८. गुनासो सुनुवाईको उचित ब्यबस्था गर्न ।
९. नेपाल सरकारले गरेको दिगो विकासको लक्ष प्राप्त गर्न ।

## ५. दीर्घकालीन सोंच

- विभेदरहित, समतामूलक र समृद्ध समाजको निर्माण ।

## ६. लक्ष्य :

- लैङ्गिक तथा सामाजिक उत्तरदायी सस्थागत संरचना, नीति र कार्यप्रणाली मार्फत समतामुलक समाजको निर्माण गर्ने

## ७. उद्देश्यहरु :

१. उप महानगरपालीकाको नीति, व्यवस्था, कार्यक्रम तथा वजेट लैससास उत्तरदायी बनाउने ।
२. पछाडी पारिएका वर्ग र समुदायको निर्णय प्रकिया तथा लाभको उपयोग सुनिश्चितता गर्ने ।
३. पछाडी पारिएका वर्गलाई सशक्तिकरणको माध्यमवाट सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।
४.सरोकारवालाहरु विच बुझाईमा एकरुपता कायम गर्न र लैससास समन्धी समन्धी कानुनी ब्यबस्थाको कार्यान्वयनमा सहयोग पुरयाउने ।
५. नेपाल सरकारले गरेको दिगो विकासको लक्ष प्राप्त गर्ने ।
६. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता साथै संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायीत्व पुरा गर्ने ।

## ८. नीति, रणनीति तथा कार्यनीतिहरु

**मुख्य नीतिहरुः**

८.१. लैससासको अवधारणा हासील गर्न उप-नगरपालीकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने,
८.२. नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्ने,
८.३. नगरपालिकाका कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी बनाउने,
८.४. सेवा प्रदायक, सरोकारवाला, अधिकारवाधि संसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी गर्ने
८.५. लक्षित वर्ग लाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

## ८.१ नीतिअनुसारका रणनीतिहरु तथा कार्यनीतिहरु

**नीति-१ःलैससासको अवधारणा हासील गर्न नगरपालीकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने,**

**रणनीति**

१.१ लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने,
१.२. उप-महानगरपालिकाको बार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेटहरुको तर्जुमा गर्ने,
१.३. लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने,

**कार्यनीती**

१.१.१ उप महानगरपालीकाको विधमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गरिनेछ,

१.१.२. उप महानगरपालीकाको आवश्यक नयाँ ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको तर्जुमा गरिनेछ,

१.२.१. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ,

१.२.२.. लैससासको दृष्टिकोणबाट विगतका अभ्यास तथा प्रतिफलमा आधारीत भई वार्षीक योजना आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरिने छ,

१.२.३. .उप-महानगरपालिकाले वार्षिक, आवधिक योजना तथा कार्यक्रमहरुमा बजेटको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका लागी न्युनतम प्रतिशत तोकीने कुरा नीतिमा उल्लेख गरिने छ,

१.२.४. प्राकृतिक विपत, आपत तथा स्वास्थ्य महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समुदायका लागि आवश्यक पर्ने उद्धार, राहत र पुर्नस्थापनाकालागी नगरपालिकामा स्पष्ट नीति तयार गरिने छ,

१.३.१. उप-महानगरपालिकाले लैससास समन्वय समिती, वडा तथा तहसम्म उपसमितीहरुको संरचनाहरु विकास र विस्तार गरिने छ,

१.३.२. उक्त लैससास समन्वय समिती र उपसमितीहरुको कार्यभार, जिम्मेवारी र अधिकारहरु स्पष्टसंग निर्कौल गरी परिचालन गरिने छ,

१.३.३. उक्त लैससास समन्वय समिती र उपसमितीहरुलाई कार्यभार प्रभावकारीतापूर्वक बहन गर्न क्षमता विकास को व्यवस्था गरिने छ ।

**नीती-२: उप-महानगरपालिकाको योजना तर्जुमा प्रकियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्ने,**

**रणनीती**

२.१. उप-महानगरपालिकाको योजना तर्जुमाको लागी सहभागितात्मक नीती र कार्यविधि तर्जुमा गर्ने,

२.२ उप-महानगरपालिकाको योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरि अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने,

**कार्यनीति**

२.१.१. स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोल स्तरवाट नै लक्षित समुदायलाई अर्थपुर्ण सहभागीता गराईने छ,

२.१.२. उप-महानगरपालीकाले प्रदान गर्ने वजेट सिलिङमा नै लक्षित समुदायका लागी वजेट विनियोजनको ब्यवस्था गरिने छ ,

२.१.३. नगरपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका बिषयवस्तुहरुको जानकारी लक्षित समुदाय सम्म पुरयाउन सन्चारका माध्यमवाट सम्प्रेषण गरिने छ,

२.२.१. नगरपालिकास्तर, वडास्तर तथा समुदायस्तरमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत

तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गरिने छ,

२.२.२. नगरपालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदीको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चित गरिने छ,

२.२.३ नगरपालिका मार्फत गठन हुने संरचनाहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता र प्रतिनिधित्व गराई कुराको सुनिश्चित गरिने छ ।

**नीती-३: उप-महानगरपालिकाका कार्यकम तथा वजेट लैङ्गिकउत्तरदायी बनाउने,**

**रणनीति**

३.१. उप-महानगरपालीकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाउने,

३.२. लैगिक दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेफी रहेको कुराको सुनिश्चितता गर्न सामाजिक लेखा परिक्षण (Social Audit) तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने,

३.३. उप-महानगरपालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई लैससास उत्तरदायी बनाउने छ ।

**कार्यनीति**

३.१.१ उप-महानगरपालिकाको खण्डिकृत तथ्याङ्कको व्यवस्था, समय अनुसार अद्यावधिक र योजना तर्जुमा साथै समिक्षा गर्न प्रयोग गरिने छ,

३.१.२. लैससासको दृष्टिकोणबाट  महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिङ्ग अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ,

३.१.३. उप-महानगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोगमा ल्याईने छ,

३.२.१. उप-महानगरपालिकाको वजेट तथा कार्यकमलाई वार्षिकरुपमा लैससासको द्रृष्किोणवाट परिक्षण गरिने छ,

३.२.२. उप-महानगरपालीकामा लैससास सम्पर्क व्यक्ति तोकेर स्पष्ट कार्यजिम्मेवारी उपलब्ध गराईने,

३.२.३.नगरपालीकाका जानकारी सम्प्रषण गर्दा लक्षित समुदायहरुको मातृ भाषा समेतमा सम्प्रेषण गरिने छ,

३.२.४. उप महानगरपालीका र वडा तहमा नियमितरुपमा सार्वजनिक सुनुवाई  गरिने छ,

३.२.५. सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदाय को उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन सुचित गरिने छ,

३.२.६. उप-महानगरपालिका तहमा रहेका लक्षित समुदायको गुनासो सुन्नकालागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने कुराको सुनिश्चितता गर्ने छ,

३.३.१. उप-महानगरपालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई परिमार्जीत गरी खण्डिकृत सुचना व्यवस्था र प्रतिवेदन दिने व्यवस्थाको गर्ने छ,

३.३.२. उप-महानगरपालिकाले समिक्षा गर्दा खण्डिकृत सुचना र प्रतिवेदनलाई आधार गर्ने व्यवस्था गर्नेछ।

**नीति-४: सेवा प्रदायक,  सरोकारवाला, अधिकारवाधि संसंस्थाहरुको  लैससास सम्बन्धमा क्षमता अभिवृद्धी गर्ने**

**रणनिति**

४.१. नगरपालीकामा लैससास समन्धी क्षमता अभिवृद्धी कार्यविधि तर्जुमा गर्ने
४.२. नगरपालिको समिति तथा वडागत संरचनाहरुमा कार्य जिम्मेवारीमा नै क्षमता विकास को ब्यबस्थाको उल्लेख गर्ने
४.३. सरोकारवाला र, अधिकारावादि संसंस्थाहरुको क्षमता अभिवृद्धी गरी समन्वय र सहकार्य गर्ने

**कार्यनिति**

४.१.१ उप-महानगरपालीकाको सेवा प्रदायकहरु, सरोकारवाला, अधिकारवाधि संसंस्थाहरुको लैससास सम्बन्धमा क्षमताको पहिचान गरी आवश्यकता क्षमता अभिवद्धी कार्ययोजना तर्जुमा गरी आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने छ,

४.२.१.उप-महानगरपालीका स्तरमा लैससास सम्बन्धि मास्टर प्रशिक्षकहरु उत्पादन गर्ने र सोको परिचालन गर्ने छ,

४.२.२. नगरपालिकाको अर्न्तगत योजना तर्जुमा प्रकृयामा संलग्न कर्मचारी र संसंस्थाहरुलाई लैससासका समस्या र चुनौतिहरुको अवलम्बन गरी समस्या समाधान गर्न विभिन्न उपायहरु साथै लैससास उत्तरदायी योजना तथा बजेटको विधिहरु बारेमा क्षमता अधिवृद्धि गर्दै लैजाने छ,

४.२.३. नगरपालीकावाट सन्चालन हुने सवै तालीम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससाको विषय समेटने साथै नगरपालीकाको मानव संशासधन तथा क्षमता विकास शाखा मार्फत कुनै पनि कार्यकममा लैससास प्रवर्द्धनकालागी समेटनुपर्ने विषय तर्जुमा गरि कार्यान्वयन गरिने छ,

४.२.४. लैङ्गिक हिंसा, घरेलुहिंसा अन्धविश्वास, छुवाछुत, कुरिति, लगायतका गलत परम्परागत हानिकारक मुल्य, मान्यता र व्यवहार का विषयमा लक्षित वर्ग जनप्रतिनिधि, स्थानीय संघ सस्था लाई अभिमुखीकरण गरिने छ,

४.२.५ विभिन्न सन्चारका माध्यमवाट सचेतनामुलक सन्देश तथा कार्यक्रम हरु सन्चालन तथा प्रशारण गरिने छ ,

४.२.६ लैङ्गिक हिंसा विरुद्धमा विद्यमान कानुनमा भएका ब्यबस्थाहरु वारे प्रचार प्रसार तथा सचेतीकरण गराईने छ ,

४.२.७.स्थानीय स्तरमा लैससासको क्षेत्रमा उल्लेख्य काम गर्ने समुह, सस्था तथा ब्यक्ति लाई असल कामको प्रवर्द्धन गर्न वार्षिकरुपमा प्रोत्साहन गरिने छ ,

४.२.८.अन्तर पालिका तहमा लैससास समन्धी भएका असल अभ्यासहरु आदान प्रदान गरिने छ र
अन्तर वडा असल अभ्यास तथा सिकाई आदान प्रदान गरिने छ,

४.२.९. .नगरपालीकामा रहेका माध्यमिक विद्यालयका सामाजिक विषयका शिक्षहरुलाई लैससासको अवधारणाका वारेमा अभिमुखीकरण गरिने छ,

.

४.२.१०. वार्षिकरुपमा नगरपालीकाले लैससास प्रवर्द्धन गर्ने खालका सुचना शिक्षा र संचार सामाग्रीहरु प्रसारण तथा प्रकाशन गरिने छ

४.२.११. स्थानीय तहमा गठन हुने वालक्लब, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैससास समन्धी अभिमुखीकरण गरिने छ ,

४.२.१२.लैससासका सवाललाई न्यायीक समितिमा प्रमुख प्राथमिकताका साथ सुनुवाई गरिने छ,

४.२.१३. विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता अर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमहरुको संचालन गराउने ।

४.२.१४.लिङ्गमा आधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको (Men Engagé) अर्थपुर्ण सहभागिता गराउने ।

**नीति-५: लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने।**

**रणनिति**

५.१. लैससास केन्द्रित स्रोतसाधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्ने,

५.२. लैससासको प्रवर्द्धनका लागी नागरिक समाज, अधिकारमुखि संघ सस्थाहरु संग समन्वय र सहकार्य गर्ने

**कार्यनिति**

५.१.१. उप-महानगरपालीकावाट सन्चालीत योजना तथा कार्यक्रमहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका ब्यक्तिहरुको सहभागिता र लाभमा खण्डिकृत तथ्याङ्क संकलन गर्ने र नियमित रुपमा अध्यावधीक गरिने छ,

५.१.२. उप-महानगरपालीकावाट आयोजनाको अनुगमन लैससासको दृष्टिकोणवाट अनुगमन तथा मुल्यांकन गरिने छ,

५.१.३. उप-महानगरपालीकावाट सन्चालन हुने समिक्षाहरुमा लैससासको दृष्टिकोणवाट प्रवाहित सेवा, सुविधा, कार्यक्रमको प्रभावकारीताको पुनरावलोकन तथा समीक्षा गर्ने,

५.१.४. उप-महानगरपालिकाबाट संचालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणकालागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिनरुपमा हासिल गर्न सक्ने गरी सुचांकहरुको सुचि तयार गरिने छ,

५.२.१. सरोकारवाला र, अधिकारावादि संसंस्थाहरुको तथ्याङ्क राख्ने र अद्यावधिक गर्ने,

५.२.२. सो संस्थाहरुलाई लक्षित वर्ग सम्म कार्यक्रम पुऱ्याउन समन्वय र सहकार्य गर्ने,

५.२.३. सो संस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरि समन्वय र सहकार्य लागि प्रभावकारिता ल्याउने छ ।

## ९.नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु ।

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखीम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छ ।

| क.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १. | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमितामा नपर्नु । | सहभागिताकमुलक छलफलबाट समान बुझाई बनाउने प्रयत्न गरीने । त्यस्तै लैससासलाई प्राथमितामा राख्ने नीतिगत व्यवस्था गर्ने । |
| २. | नीति कार्यान्वियन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु । | सरोकारवाला बिचमा नियमित साझा बैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका व्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने । |

| | | |
|---|---|---|
| ३. | खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तथ्याङ्कमा आधारीत बनाउने । |
| ४. | आर्थिक स्रोतको अभाव हुनु । | स्थानियतहको एकमुष्ठ बजेटबाट लक्षित समुदायकोलागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार गर्ने र प्रत्येक आगामी आर्थिक वर्षको बजेट गत वर्षको तुलनामा बजेट बढाउदै लैजाने ( प्रगतीशिल बजेट) । |

## १०. लैससास नीतिका अपेक्षित उपलब्धिहरु

क) उप-महानगरपालीकाको नीति, कानून व्यवस्था तथा मापदण्डहरु लैससास उत्तरदायी हुनेछ ।
ख) नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता गराई पछाडी परेका वर्गको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक समाजको श्रृजना हुने छ ।
ग) उप-महानगरपालीकाको कार्यक्रम तथा वजेट लैससास उत्तरदायी हुनेछ ।
घ) सेवा प्रदायक, सरोकारवाला, अधिकारवाधि सघंसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई र कार्य शैली हुनेछ ।
ङ) नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न र राष्ट्रिय तथा लैससास सम्वन्धमा गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धता,संघिय र प्रदेश सरकारका गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा हुने छ ।

## ११. लैससास नीति कार्यान्वयनको लागि कार्ययोजना

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| १ | उप-महानगरपालिका विद्यमान ऐन कानुन नीति, मापदण्ड तथा कार्यविधि पुनरावलोकन | धनगढी उपमहानगरपालिका | विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ३ महिना भित्र |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | उप-महानगरपालिका जनप्रतिनिधि र सरोकारवाला निकाय बिचमा लैससासस नीतिको औचित्य, महत्व र यसबाट पर्ने सकारात्मक असर तथा प्रभावहरुको बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने । | धनगढी उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको २ महिना भित्र । |
| ३. | उप-महानगरपालिमा लैससास सम्बन्धी विषयवस्तु हेर्नका लागि बिशेष रुपमा कर्मचारी तोक्ने र पालिकामा लैससास सम्बन्धी विशेषज्ञताको क्रमश विकास गर्दै जाने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तिन महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञताको विकास निरन्तर रुपमा बर्षभरी । |
| ४. | उप-महानगरपालि र यस अर्न्तगतका १९ वटै वडासँग नियमित समन्वय र सहकार्य गर्ने, नीतिको प्रभावकारीता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार नियमित रुपमा गर्दै जाने | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, धनगढी उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ महिना भित्र, त्यसपछी निरन्तर रुपमा बर्षभरी |

धनगढी उप-महानगरपालिका राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | उप-महानगरपालि १९ वटै वडामा नितिको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित वडामा लैससास समिति र लैससास सम्बन्धी कार्ययोजनाको निर्माण गर्ने । | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, धनगढी उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको छ महिना भित्र |
| ६ | लैससास नीति कार्यान्वयनमा उत्कृष्ट प्रर्दशन गर्ने वडा तहलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने परिपाटीको विकास गर्ने । | धनगढी उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | कम्तीमा वर्षको एकचोटी हरेक आर्थिक वर्षको अन्तमा |
| ७ | प्रत्येक ३/३ बर्षमा लैससास नीतिको पुनरावलोकन गर्ने र समसामयीक रुपमा परिमार्जन तथा संसोधन गर्ने । | धनगढी उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तिन महिना पछी र निरन्तर बर्षभरी |
| ८ | नीति कार्यान्विनको निरन्तर समिक्षा, अनुगमन, मुल्यांकनका लागि आवश्यक सुचकहरुको निर्माण गर्ने र सोको आधारमा नियमित अनुगमन, मुल्यांकन गर्ने | योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएपछी प्रत्येक ६/६ महिनामा |



धनगढी उप-महानगरपालिका राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | उप-महानगरपालिको नियमित बजेटबाट न्यूनतम प्रतिशत रकम लक्षित समुदायको कार्यक्रमका लागि तोक्ने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, धनगढी उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तिन महिना भित्र |
| १० | उप-महानगरपालिकाको लैससासउत्तरदायी वजेट प्रयोगमा ल्याउने साथै लैससास लेखाजोख ागर्ने ९ (GESI Audi t) | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, धनगढी उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | प्रत्येक आर्थिक वर्षको १ पटक |
| ११ | उप-महानगरपालिकामा लक्षित वर्गको खण्डीकृत तथ्यांक को अभिलेख राख्ने र सोको अद्यावधि गर्ने | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, धनगढी उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ४ महिना भित्र |

## १२. लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको कार्यान्वयन समिति

यस नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीति अनूरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न

**क) यस उप महानगरपालीका स्तरमामा देहाय बमोजिमको लैंगिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।**

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उप-प्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) संयोजक, सामाजिक विकास समिति | सदस्य |
| ङ) सामुदायीक संघ सस्था मध्येवाट संयोजकले तोकेका कम्तीमा दुई महिला सहित पाँच जना | सदस्य |
| च) प्रमुख, सामाजिक विकास विभाग/महाशाखा/शाखा | सदस्य सचिव |

**ख) उप महानगरपालीका प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।**

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा सदस्य महिला, दलित र पिछडा वर्ग बाट ३ जना | सदस्य |
| ग) वडा सचिब | सदस्य सचिव |

## समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।

क) लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई उप-महानगरपालीकाको विकास कार्यक्रममा मुलप्रवाहीकरण गर्ने,

ख) सामाजिक समाबेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निभाउने,

ग) लैङ्गिक तथा सामाजिक समोशीकरण नीति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने,

घ) नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालय संग कार्यगत समन्वय कायम गर्ने ,

ङ) नीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने गराउने,

च) महिला, वालबलिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्ने,

छ) आवधिक, वार्षिक,योजना तर्जुमा कार्यान्वयन वजेट बाँडफाट खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणली सामाजिक समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धित उप महानगरपालीकालाई सुझाव दिने,

छ) लैससास सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

ज) लैससास मूलप्रभाहीकरण र यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र अधिकारमुखी संसंस्थाहरु संग समन्वय र सहकार्य गर्ने र गराउने,

झ) सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्नेकममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक ब्यबस्था गर्ने,

ञ) यी माथि उल्लेखित कायृहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीकरुपमा बस्ने छ । वडा स्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ ।

## १३. नीतिको पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्यांकन गरी पाँच/पाँच वर्षमा नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिने छ।

## १४ खारेजी तथा बचाउ

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानुन संग वाझिएमा वाझिएको हद सम्म सम्बन्धीत कानुन बमोजिम नै हुने छ।

## अनुसूचि १.

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) शब्दावली तथा परिभाषा**

१. लैससास : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण।

२. लक्षित समूदाय : यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समूदायको रुपमा मानिएको छ: समुदायमा पछाडी पारिएका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित, अल्पसंख्यक, सीमान्तकृत तथा पछाडी पारिएका वा बहिष्करणमा परेका समुदाय।

**आज्ञाले,**

...........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

धनगढी उप महानगरपालीका

धनगढी उप-महानगरपालिका राजपत्र